परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily — राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १४४ पृष्ठ ४ २०८२ चैत्र २ गते, सोमबार 16 March, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# मधेशवादी दलको भरोसा बालेनतिर

● टक नेपाल



'हामीले त पाएनौं अब तिमीहरूले खेल्नुपर्छ, बुझ्यौ ?' यो २३ वर्ष पुरानो विज्ञापनको संवाद हो । सन् २००२ को विश्वकप फुटबल दक्षिण कोरिया र जापानले संयुक्त रुपमा आयोजना गरेको थियो । त्यसलाई लक्षित गरेर बनाइएको मायोज चाउचाउको विज्ञापनमा एन्फाका तात्कालीन अध्यक्ष गणेश थापाले आउँदो पुस्तालाई जिम्मेवारी थोपर्दै भनेका थिए- हामीले पाएनौं, अब तिमीहरूले खेल्नुपर्छ ।

यो निर्वाचन सकिए लगत्तै संघीय लोकतान्त्रिक मोर्चाले त्यही विज्ञापन सम्झाउने खालको एउटा निर्णय गऱ्यो । प्रतिनिधिसभा सदस्य निर्वाचनको समीक्षा गर्न २९ फागुनमा बसेको मोर्चाको बैठकले संविधान संशोधन, प्रदेशको सीमाङ्कन, मधेशी समुदायको प्रतिनिधित्व जस्ता मुद्दाको जिम्मेवारी बालेन्द्र शाहकै काँधमा राख्न खोजेको देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्रलाई शुभकामना दिँदै मोर्चाले भनेको छ, 'नेपाली जनताले विगत लामो समयदेखि गरेको संघर्ष र बलिदानीबाट स्थापित गणतन्त्र, संघीयता, समावेशीता लगायतका प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै संविधान संशोधन, सीमाङ्कन हेरफेर, जनसंख्याको आधारमा प्रतिनिधित्व, लाल आयोगको प्रतिवेदन सार्वजनिक, संघीयतालाई अझ बलियो बनाउने लगायतका मुद्दाहरूको सम्बोधन हुने विश्वास व्यक्त गर्दछौं ।' शुक्रबार बसेको मोर्चाको बैठक ।

२०४८ साल यता प्रतिनिधिसभा पहिलो पटक मधेशवादी दल विहीन भएको सन्दर्भमा मोर्चाले यस्तो विज्ञप्ति जारी गरेको हो ।

हुन पनि २०६४ मा चारवटा (मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी आनन्दीदेवी) मधेशवादी दलले १२ लाख भन्दा बढी मत पाएका थिए ।

बाहिरबाट झट्ट हेर्दा समर्थन जस्तो मात्र देखिए पनि जिम्मेवार पनि बनाउन खोजेको चन्द्रकिशोरको विश्लेषण छ ।पहिलो संविधानसभामा ८७ सभासद भएको मधेशवादी दल २०८२ मा आउँदा शून्यमा झऱ्यो । प्रत्यक्षमा एक सिट पनि जित्न नसकेका मधेशीवादी दलले समानुपातिकमा पनि तीन प्रतिशत पुऱ्याउन सकेनन् ।

२१ फागुनको निर्वाचनबाट यस्तो परिणाम आउनुअघिसम्म मधेशवादी दलका नेताहरू बालेनलाई मधेशी स्विकार्नै तयार थिएनन् ।

मधेश आन्दोलनमा सहभागी नभएको, मधेशी भाषा नबोल्ने, मधेश संस्कृति अनुसार नचल्ने र मधेशीको मुद्दामा आवाज उठाउँदैनन् भनेर उल्लीबिल्ली पारिरहेका थिए ।

जनकपुरमा आयोजित रास्वपाको चुनावी सभा ।

जनकपुर पुगेर 'काठमाडौं पशुपति घुम्न मात्र जाने हो । बाँकी सबै काम जनकपुरमै हुने गरी अधिकार सम्पन्न हुनुपर्छ' भन्दा समेत बालेनको आलोचना गर्न छाडेका थिएनन् ।

रास्वपा १८२ सिट सहित प्रतिनिधिसभामा दुई तिहाईको नजिक पुगेपछि बल्ल मोर्चाले बालेनलाई 'मधेशी सपुत' देखेको हो । त्यति मात्र होइन आफूहरूले गरेको आन्दोलनकै कारण बालेन प्रधानमन्त्री बन्न लागेको समेत भन्न भ्याए ।

मधेशवादी दल एकाएक बालेनको लेनमा आउनुको अर्थ के हो त ? 'यो हर्षगानसँगै चेतावनी पनि हो,' विश्लेषक चन्द्र किशोर भन्छन् ।

बाहिरबाट झट्ट हेर्दा समर्थन जस्तो मात्र देखिए पनि

बाकी पृष्ठ २......




## सऱ्यो जनमत पार्टीको महाधिवेशन

● चन्दन रजक

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनपछि बसेको पार्टीको केन्द्रीय सचिवालय बैठकले मिति सार्ने निर्णय गरेको हो । यसअघि चैत २० र २१ गते गर्ने महाधिवेशन गर्ने तय गरिएको थियो । जनमत पार्टीका महासचिव चन्दन सिंहका अनुसार महाधिवेशन २०८३ असोज ९ र १० गते हुने निर्णय भएको छ । पार्टीले संगठन सुदृढीकरण र निर्वाचन समीक्षालाई ध्यानमा राख्दै महाधिवेशनको मिति परिवर्तन गरेको उनले बताए ।

बैठकले फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनको विस्तृत समीक्षा गर्ने निर्णय गरेको छ। सोअनुसार क्षेत्रीयस्तरमा चैत ७ गतेसम्म बैठक बसी चुनावको समीक्षा गरी लिखित प्रतिवेदन तयार पारेर केन्द्रीय सचिवालयमा पठाउने व्यवस्था गरिएको महासचिव चन्दन सिंहले जानकारी दिए ।

त्यसैगरी पार्टी संगठन सुदृढ गर्न देशभरका जिल्लामा तदर्थ जिल्ला पदाधिकारी चयन गर्ने निर्णय पनि गरिएको छ । जिल्ला समन्वय समितिका सदस्यमध्येबाट बढीमा ७ जना सम्म रहने गरी चैत १४ गतेसम्म भौतिक बैठकमार्फत पदाधिकारी चयन गरिनेछ । उक्त प्रक्रिया केन्द्रीय सचिवालयबाट खटाइएका प्रतिनिधिको उपस्थितिमा सम्पन्न गरिने बताइएको छ ।

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### समयको मूल्य र सदुपयोग

समय मानव जीवनको सबैभन्दा अमूल्य सम्पत्ति हो । यसलाई देख्न वा समात्न नसकिने भए पनि यसको प्रभाव हरेक क्षण महसुस गर्न सकिन्छ । भौतिकशास्त्रले समयलाई एउटा आयामका रूपमा व्याख्या गर्छ भने दार्शनिक दृष्टिले यो जीवनका घटनाहरूलाई क्रमबद्ध गर्ने आधार हो । समय निरन्तर बगिरहने प्रकृतिको हुन्छ, तर मानिसको जीवन भने सीमित हुन्छ । यही कारण समयको सही प्रयोगले मात्र जीवनलाई अर्थपूर्ण बनाउँछ ।मानिससँग दिनमा २४ घण्टा बराबर रूपमा उपलब्ध हुन्छ । तर यही समय कसरी प्रयोग गरिन्छ भन्ने कुराले व्यक्तिको सफलता वा असफलता निर्धारण गर्छ । अनावश्यक गफगाफ, सामाजिक सञ्जालको अत्यधिक प्रयोग वा आलस्यले हाम्रो बहुमूल्य समय खेर जान सक्छ। त्यसैले समयप्रतिको सचेतना अत्यन्त आवश्यक हुन्छ। समयको लेखाजोखा राख्ने, प्राथमिकता निर्धारण गने ' र अनुशासनका साथ काम गर्ने बानीले जीवनलाई व्यवस्थित बनाउँछ ।

समयको सदुपयोग भन्नुको अर्थ चौबिसै घण्टा काममा मात्र व्यस्त हुनु होइन । काम, आराम र व्यक्तिगत तथा सामाजिक जीवनबीच सन्तुलन कायम गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। साना-साना सकारात्मक बानीले समय व्यवस्थापनमा ठूलो परिवर्तन ल्याउन सक्छ । यसैले वर्तमान क्षणलाई पहिचान गर्दै समयलाई सही दिशामा प्रयोग गर्नु नै सफल र सार्थक जीवनको आधार हो ।




# बर्दिवासमा खानेपानीको पहुँच हुँदा स्थानीयवासी हर्षित

• विजयकुमार साह

महोत्तरीको बर्दिवास नगरपालिकाका चारवटा वडामा खानेपानीको पहुच पुगेको छ। बर्दिवास १, २, ३ र १४ मा लामो समयदेखि खानेपानीको समस्या थियो।

अहिले घरघरमा खानेपानीको धारा जडान भएको बर्दिवास ३ का आशा कुमारीले बताउनुभयो । बर्दिवास- १४ का विक्रम महतोले भन्नुभयो,"पहिला इनारको पानी खानुपथ्र्यो । त्यो पनि हिउँद लागेपछि विस्तारै पानीको सतह घटदै जाँदा चैत, वैशाखमा धमिलो पानी खान बाध्य थियौँ। अहिले धारा जडान भएपछि पानीको सङ्कट हटेको छ। "




बर्दिवास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले जडान गरेको धाराबाट पाँच हजार ९९८ परिवारले पानी सुविधा लिँदै आएका छन्। बर्दिवासको चुरेमा खानेपानीका तीन मुहान छन् । जुन चुरेको रातु खोलाको दहमा पर्छ । बर्दिवासको मूल सहरी क्षेत्रका वडामा दैनिक सात लाख लिटर खानेपानीको माग हुन्छ ।हिउँद लागेपछि उपभोक्ताको माग धान्न खानेपानी समितिलाई समस्या हुने गरेको छ । रातु खोलाको सुनारमरे दहमा त्यसको मुहान छ। अहिले त्यो मुहान पनि खोला उत्खननले जोखिममा छ।

दिनानुदिन बर्दिवासमा जनसङ्ख्या बढ्दो छ भने पिउने पानीको मुहान घट्दो अवस्थामा छ । तर पनि आफूहरूले बर्दिवासवासीलाई खानेपानी खुवाउनका लागि दिनरात तत्पर रहने गरेको साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भुलन सेन ठकुरीले बताउनुभयो । रासस

# मधेशवादी दलको भरोसा......

जिम्मेवार पनि बनाउन खोजेको चन्द्रकिशोरको विश्लेषण छ।

उनी भन्छन्, 'एउटा मधेशीको छोरा भनेर हर्षगान पनि गरेको देखिन्छ। अर्कोतिर संघीयता, समावेशीता जस्ता मुद्दा अगाडि बढाएनौं भने हामी फेरि आउछौं भनेर चेतावनी पनि दिएको हो।'

अर्का विश्लेषक श्याम श्रेष्ठ निर्वाचनमा पराजित भएपछि मधेशवादी दलका नेताहरूले सुध्रन तयार रहेको सन्देश दिन खोजेको बताउँछन्। उनी भन्छन्, 'आफूले गर्न नसकेको काम अरूले गर्दा विरोध गर्दोरहेनछ भन्ने सन्देश दिनका लागि हो।'


संघीयता र समावेशीताको विषयमा मधेशवादी दलहरूको योगदानलाई जस दिनै पर्ने हुन्छ। सँगसँगै अर्को सत्य के पनि हो भने सरकार र सदनबाट परिवर्तनको पक्षमा जति काम गर्न सकिन्थ्यो त्यो गर्दै नगरेको पनि हो। मधेशवादी दलका नेताहरूले पनि काम गर्ने अवसर नपाएका होइनन्, नगरेका हुन् । मोर्चाको 'हामीले त गरेनौं, अब तिमीले गर्नुपर्छ, बुझ्यौ ?' शैलीको बालेनले कसरी लिन्छन् हेर्न बाँकी छ।

मधेशवादी दलहरूले २०७२ संविधानसभाबाट संविधान जारी हुने बेलामा बहिष्कार गरेका थिए। त्यही संविधान अनुसार भएका निर्वाचनहरूमा सहभागी भए पनि मधेशवादी दलका नेताहरूले संविधान पुनर्लेखन र संशोधन भन्न छाडेका छैनन्।

निर्वाचन अघि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, डा. सीके राउतको जनमत पार्टी र राजेन्द्र महतोको राष्ट्रिय मुक्ति पार्टी बीच तालमेल समेत हुन सकेन । मत परिणामले रसातलमा पुऱ्याएपछि भने उनीहरू बालेनलाई जिम्मेवारी थोपर्न मोर्चा मार्फत एक ठाउँमा आएका हुन्।

माथि उल्लेख गरेको विज्ञापनमा गणेश थापाले 'हामीले त पाएनौं' भने पनि नेपालले विश्वकप खेल्न नपाएको होइन। खेल्न सक्ने गरी इमान्दारीपूर्वक पर्याप्त तयारी नगरेको हो। छनोट चरण पार गर्दागर्दै नेपालले खेल्न नपाएको होइन।

मधेशवादी दलका नेताहरूले पनि काम गर्ने अवसर नपाएका होइनन्, नगरेका हुन् । मोर्चाको 'हामीले त गरेनौं, अब तिमीले गर्नुपर्छ, बुझ्यौ ?' शैलीको बालेनले कसरी लिन्छन् हेर्न बाँकी छ।






# पीए आदर्शलाई नियुक्त गर्दा प्रधानमन्त्रीले बिर्सेकी 'आदर्श'

● टक नेपाल

राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा प्रधानमन्त्रीका स्वकीय सचिव आदर्शकुमार श्रेष्ठ मनोनीत भएका छन् । प्रधानमन्त्री एवं कोषका संरक्षक सुशीला कार्कीले श्रेष्ठलाई आगामी ५ वर्षका लागि उक्त पदमा मनोनयन गरेकी हुन् ।

यसअघिका अध्यक्ष ऐनबहादुर शाहीले पदबाट राजीनामा दिएपछि रिक्त रहेको पदमा सिन्धुलीका श्रेष्ठलाई मनोनीत गरिएको हो ।

उनले अब कोषको सञ्चालक समितिको अध्यक्षता गर्नेछन् । राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ ले कोषको संरक्षक प्रधानमन्त्री रहने र संरक्षकले अध्यक्ष मनोनयन गर्ने व्यवस्था गरेको छ। यही प्रावधानअनुसार उनले आफ्नै स्वकीय सचिव श्रेष्ठलाई नियुक्त गर्दा अहिले व्यापक विरोध हुन थालेको छ।

निष्कलंक छवि र सुशासनको प्रतीक मानिने पूर्वप्रधानन्यायाधीश कार्कीको यो निर्णयले उनलाई प्रधानमन्त्रीको कुर्सीमा पुऱ्याउने युवा पुस्ता मात्र होइन, आम नागरिक समाजसमेत स्तब्ध भएको छ। सुशासन, भ्रष्टाचार अन्त्य र नातावाद विरुद्धमा भएको जेनजी आन्दोलनको जगमा बनेको सरकारले नै नैतिकता र धरातल बिर्सेको भन्दै विरोध भएको हो। पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई जेनजीहरूकै प्रस्तावमा अन्तरिम सरकारको प्रधानमन्त्री बनाइएको थियो । अन्तरिम सरकारको म्यान्डेटअनुसार चुनाव गराउन सफल भनेर वाहीवाही पाएको सरकारले नियुक्तिको सन्दर्भमा भने चुकेको भन्दै चर्को आलोचना भएको हो। कार्की सरकारले श्रेष्ठसँगै आज गृहमन्त्री ओम प्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्यमा मनोनयन गने ' निर्णय गरेकी हुन्।

पूर्व वन सचिव डा. कृष्णचन्द्र पौडेलले 'दीर्घकालीन हुने निर्णयहरू अब नयाँ आउने सरकारले नै गरेको भए राम्रो हुने थियो' भन्दै चुनाव भइसकेकाले अहिले निर्णय नगर्दा पनि हुने बताए।

नागरिक अगुवाहरूका अनुसार प्रधानन्यायाधीश हुँदा न्यायालयको गरिमा जोगाउन एक्लै लडेकी सुशीला कार्कीलाई नेपाली समाजले एउटा 'आइकन' मानेको थियो। जेनजी पुस्ताले उनलाई प्रधानमन्त्रीको रूपमा अघि सार्नुको एउटै कारण थियो, उनीबाट कम्तीमा 'स्वच्छ प्रशासन' को आशा गरिएको थियो।

तर कार्यकालको अन्तिमतिर आएर आफ्नै स्वकीय सचिवलाई राज्यको महत्त्वपूर्ण संस्था सुम्पिने निर्णयले उनको जीवनभरको कमाइ अर्थात् 'छवि' मा गम्भीर दाग लागेको छ। सामाजिक अगुवा सुनिल मैनाली भन्छन्, ' हामीले धेरै कुरामा सरकारलाई साथ दियौँ, धन्यवाद दियौँ। तर अन्तिम समयमा सरकारले हाम्रो मन दुखाएको छ। सुशीला कार्कीजस्तो व्यक्तित्व यसरी चुक्नु हुँदैन थियो।'

**जेनजीहरूको विरोध**

सरकारले आज सार्वजनिक गरेका विभिन्न निर्णयप्रति जेनजी फ्रन्टकी संयोजक रक्षा बमले कडा विरोध जनाएकी छन्। विशेषगरी प्रधानमन्त्रीका स्वकीय सचिव आदर्श कुमार श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा मनोनित गर्ने निर्णयप्रति उनले असन्तुष्टि व्यक्त गरेकी हुन्।

सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै संयोजक बमले उक्त निर्णयले सुशासनको माग गर्दै सडकमा गरिएको आन्दोलनको भावनाविपरीत गएको टिप्पणी गरेकी छन्। उनले सरकारका उच्च पदाधिकारीहरूले आफ्ना निकट व्यक्तिहरूलाई पद बाँड्ने प्रवृत्तिले जनतामा निराशा बढाउने बताइन्।

**जेनजीको रगत कुर्सी बाँडफाँडका लागि होइन– रक्षा बम**

बमले लेखेकी छन्, 'सडकमा सुशासनका लागि, नातावाद र कृपावादको विरुद्ध नारा लगाउँदै मेरा जेनजी साथीहरूले छाती र टाउकोमा गोली खाए। मसँगै हजारौँ साथीहरूले आफ्नो ज्यानको प्रवाह नगरी छातीमा गोली थाप्न सडकमा उत्रिए। केका लागि थाहा छ ? यो देशले बिस्तारै भए पनि सुशासनको सास फेर्न पाओस् भन्ने सपनाका लागि।'



उनले प्रधानमन्त्री र मन्त्रीहरूले आफ्ना नजिकका व्यक्तिलाई परिषद्, विभाग वा समितिका पदहरू 'बिदाइ उपहार' जस्तै गरी बाँडफाँड गर्न नहुने पनि उल्लेख गरेकी छन्। बमले आफ्नो वक्तव्यमा चेतावनीपूर्ण शैलीमा भनिन्, 'होस गर्नुहोस् है, त्यो कुर्सीमा रातो लागेको छ। सडकले रगत भुलेको छैन, र रगतले रंगिएको कुर्सीले तपाईंलाई कुनै उचाइ दिने छैन।'

सन्देशको अन्त्यमा उनले आफूलाई 'जेनजी आन्दोलनको एक सम्भावित मृतकको तर्फबाट' भन्दै हस्ताक्षरसमेत गरेकी छन्।

तनुजा पाण्डेले सरकारलाई भनिन् 'शहीदको रगतको मजाक नगर्नुस्'

मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्रीका स्वकीय सचिव आदर्श श्रेष्ठलाई प्रकृति संरक्षण कोषको अध्यक्षमा मनोनयन गरेको विषयमा जेनजी अभियान्ताहरूले विरोध गर्न थालेका छन्। जेनजी अभियान्ता तनुजा पाण्डेले सरकारलाई प्रश्न गर्दै लेखेकी छिन्, 'जनतालाई उल्लु बनाएर पुगेन हजुर ? शहीदको रगतको मजाक नगर्नुस्।'

आदर्श श्रेष्ठ यसअघि पनि विवादमा आएका पात्र भन्दै उनले आफ्नी पत्नी संगीता श्रेष्ठलाई सहसचिवसरहको स्वकीय सहसचिव बनाउने प्रयास गरेको घटना अझै ताजा रहेको बताइन्। आफ्नो स्टाटसमा सरकारको यो कदमलाई 'घिनलाग्दो राजनीति'को संज्ञा दिएकी छिन्। उनले लेखेकी छिन्, ''आसेपासेवाद' बाट माथि उठ्ने कुरा गर्नेहरूकै वरिपरि यस्तो घटनाहरू बारम्बार दोहोरिनु आफैंमा व्यंग्य जस्तै लाग्छ। 'आदर्श' प्रकरणले फेरि एकपटक देखायो, यहाँ समस्या पात्रहरूको मात्र होइन, संस्कृतिको हो।'

उनले सत्तामा बस्नेहरूलाई इतिहासबाट पाठ सिक्न चेतावनी दिँदै अगाडि थपेकी छिन्, 'अलिकति लाज पनि मान्नुहोस्, अलिकति डर पनि मान्नुहोस्। देश र शहीदमाथि मजाक गरिन्छ भने... मजाक गर्नेहरूको अवस्था कस्तो हुन्छ भन्ने कुरा हरेक दशकमा नेपालमा देख्न सकिन्छ।'

रक्षा बम र तनुजा पाण्डेसहित जेनजी अभियान्ताहरूले अहिले सामाजिक सञ्जालमा चर्को विरोध गरिरहेका छन्। यस्तै अन्य नागरिक अगुवाहरू पनि सरकारको आलोचना गर्न थालेका छन्। 'अन्य धेरै काममा सरकारलाई धन्यवाद दियौँ, तर अन्तिम समयमा सरकारले मन दुखाएको छ। सुशीला कार्की यसरी चुक्न हुँदैन थियो,' सामाजिक अगुवा सुनिल मैनाली भन्छन्।

**आदर्शको इन्ट्रीले कोषमा खैलाबैला**

कोषको पोखरास्थित एक कार्यालयका कर्मचारी भन्छन्, ' यो पदमा सरकारलाई जो मन पर्छ, त्यही राख्ने चलन छ। न यहाँ योग्यता, न अनुभवको कुरा हुन्छ। हामी कर्मचारी नै लज्जित हुनुपर्ने अवस्था छ।' उनले व्यंग्य गर्दै भने, 'सरकारले नाइटबसको ड्राइभरलाई पनि यो कोषको अध्यक्ष बनाउन सक्छ, अब हाम्रो त के लाग्छ। जो आए पनि मान्नै पऱ्यो। यत्रो जेनजी आन्दोलन यसकै लागि त भएको होला नि,' उनले भने। ती कर्मचारीले थपे, 'यसअघि पनि पूर्वमन्त्री ऐनबहादुर शाहीले पद गएपछि पनि मनलाग्दी ढंगले सदस्य सचिव नियुक्त गरेका थिए, अहिले त अध्यक्ष नै मनलाग्दी आए अब के गर्ने ?'

कोषका एक उच्च अधिकारी भन्छन्, 'यसअघि अध्यक्ष रहेका शाही नैतिक रूपमा कमजोर थिए, तर कानुनी रूपमा बलियो थिए। अहिले त नैतिक न कानुनी सुशीला आमाको मनलाग्दी पो छ त।'

**वनमन्त्री हुने परम्परा**

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा नेपाल सरकारको प्रधानमन्त्री कोषमा संरक्षक हुने व्यवस्था छ। संरक्षकले आफूले चाहेको व्यक्तिलाई कोषको अध्यक्ष नियुक्त गर्नसक्ने व्यवस्था ऐनमा छ। त्यसरी नियुक्त भएको अध्यक्षलाई यति धेरै अधिकार दिइएको छ कि उसले सञ्चालक समिति (बोर्ड अफ ट्रस्टी) का सम्पूर्ण सदस्य आफ्नो इच्छाअनुसार नियुक्त गर्न सक्छ।

उक्त बोर्ड अफ ट्रस्टीमा नेपाल सरकारका तीनजना सचिव, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका तीनजना प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाका ख्यातिप्राप्त चारजना व्यक्ति र अन्य तीनजना व्यक्ति रहने व्यवस्था गरिएकोमा सबैको नियुक्तिको एकल निर्णय अध्यक्षमै निहित रहने व्यवस्था छ। त्यसबाहेक कोषको कार्यकारी प्रमुखको रूपमा रहने सदस्य सचिवको नियुक्तिसमेत अध्यक्षको एकल निर्णयमा हुने गरेको छ।

राजतन्त्रकालमा कोषको संरक्षक राजा रहने गर्थे। राजाले आफ्नो विश्वासपात्रलाई अध्यक्ष नियुक्त गर्ने गरेकाले राजाले कोषलाई आफ्नो इच्छाअनुसार चलाउन ऐनमा यस्तो व्यवस्था गरेको देखिन्छ। गणतन्त्र स्थापनाको १७ वर्षसम्म पनि यो व्यवस्थामा परिवर्तन गरिएन। तर कोषलाई सरकारअन्तर्गत नै राख्न वनमन्त्री अध्यक्ष हुने र वन, अर्थ र पर्यटन मन्त्रालयका सचिव पदेन सदस्य हुने अभ्यास थालियो।

शाहीले पनि गरेका थिए 'कु'

यसअघिको केपी शर्मा ओली नेतृत्वको अपदस्थ सरकारका वनमन्त्री ऐनबहादुर शाहीभन्दा अघिल्लो कार्यकालमा यसको फरक अभ्यास भयो। तत्कालीन सरकारले डा। कृष्णप्रसाद ओलीलाई पाँच वर्षका लागि अध्यक्षमा नियुक्त गरेको थियो। तर उनलाई राजदूतमा सिफारिस गरेपछि समयभन्दा डेढ वर्षअघि नै ओलीले राजीनामा दिएका थिए। त्यसपछि शाहीले पुरानै परम्परालाई निरन्तरता दिँदै आफैँ अध्यक्ष बनेका थिए।

जेनजी आन्दोलनपश्चात् नयाँ सरकार गठन भएपछि शाही वनमन्त्रीबाट हटे पनि, प्रचलित अभ्यासविपरीत उनले कोषबाट राजीनामा भने दिएका थिएनन्। बरु यसबीचमा विवादित रूपमा नरेश सुवेदीलाई सदस्य सचिवमा नियुक्त गरेका थिए। अहिले फेरि कार्की सरकारले अर्को विवादित कदम चालेको हो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# मोटरसाइकल ठोक्किँदा एकको मृत्यु



● टक नेपाल

धनुषाको मिथिला नगरपालिका-११, बाहुनमारास्थित बर्दिवास-सिन्धुली सडकखण्डमा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ। आइतबार ढल्केबरबाट सिन्धुलीतर्फ गइरहेको मधेश प्रदेश-२-०२-००८ प ८५८३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आइरहेको मधेश प्रदेश-२-०२-००३ प ४४७१ नम्बरको मोटरसाइकलले ठोक्किँदा दुर्घटना भएको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ। दुर्घटनामा मधेश प्रदेश-२-०२-००८ प ८५८३ नम्बरको मोटरसाइकलमा सवार धनुषाको मिथिला नगरपालिका-६, ढल्केबर निवासी इन्द्रदेव महतो गम्भीर घाइते हुनुभएको थियो। इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले दुर्घटनामा सख्त घाइते भएका महतोलाई उपचारका लागि बर्दिवासस्थित जनसेवा अस्पताल पुर्‍याइएपछि चिकित्सकले मृत घोषणा गरेको बताउनुभयो। दुर्घटनामा अर्को मोटरसाइकल चालक सिन्धुलीको कमलामाई नगरपालिका-४, निवासी ४० वर्षीय सन्तोष कार्की घाइते भएका छन्। उहाँको उपचार भइरहेको प्रहरीले जनाएको छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो।

# ग्यास अभावले
# होटेल व्यवसाय सङ्कटमा

● टक नेपाल



मध्यपूर्वको देश इरानमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या देखिएसँगै देशव्यापी बनेको खाना पकाउने ग्यासको अभाव महोत्तरीमा पनि देखा परेको छ। ग्यासको आपूर्ति सहज हुन नसकेपछि नेपाल आयल निगमले उपभोक्तालाई राहत दिन भन्दै हाललाई आधा सिलिन्डर ग्यास मात्र वितरण गर्ने नीति अघि सारेपछि सर्वसाधारणसँगै व्यवसायी पनि मारमा पर्न थालेको गुनासो बढेको छ।

ग्यास अभावको सबैभन्दा ठुलो असर यहाँको होटेल तथा पर्यटन व्यवसायमा परेको छ। विशेष गरी महोत्तरीको मुख्य व्यापारिक केन्द्र बर्दीबासमा रहेका होटेलहरू ग्यास अभावले थला पर्ने अवस्थामा पुगेको व्यवसायीले जनाएका छन्।

होटेल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीका अध्यक्ष गुञ्ज कार्कीका अनुसार बर्दीबास क्षेत्रमा हाल साना-ठुला गरी करिब एक सयभन्दा बढी होटेल सञ्चालनमा छन्। यी होटेललाई सुचारु राख्न दैनिक ७० देखि ८० सिलिन्डर ग्यासको आवश्यकता पर्छ। "बजारमा पर्याप्त ग्यास पाइँदैन, पाइहाले पनि आधा सिलिन्डरले व्यवसाय धान्न गाह्रो छ। अवस्था सहज नभए केही दिनभित्रै बर्दीबासका होटेलहरू बन्द गर्नुको विकल्प छैन," उहाँले भन्नुभयो।

बर्दीबासस्थित खुकुरी होटेलका सञ्चालक विनोद थापाका अनुसार ग्यास अभावले यहाँको होटेल व्यवसाय तथा पर्यटन क्षेत्रलाई धक्का लागेको छ। बर्दीबास पूर्वपश्चिम राजमार्गको सङ्गमस्थल भएकाले यहाँका होटेलमा यात्रु र पर्यटकको ठुलो चाप हुने गर्छ। ग्यास अभावले खाना खुवाउन नसक्दा पर्यटन क्षेत्रमा नकारात्मक सन्देश जाने र व्यवसायी ठुलो आर्थिक नोक्सानीमा पर्ने उहाँले बताउनुभयो। उहाँले प्रश्न गर्नुभयो, "राज्यले आधा मात्र दिन थालेपछि हामी गरी खाने कि दिनभर ग्यास ढुवानीमा लाग्ने ?"

नेपाल आयल निगम र सरकारले ग्यास आपूर्तिको वैकल्पिक व्यवस्था नगरे वा मौज्दात रहेको ग्यासको न्यायोचित वितरण नगरे यो समस्या अझै भयावह हुने बर्दीबासस्थित क्राउन होटेलका सञ्चालक सन्तोष श्रेष्ठले चिन्ता व्यक्त गर्नुभयो। बजारमा ग्यासको माग अचानक बढेपछि ग्यास डिलरले भने यसलाई 'कृत्रिम अभाव' को संज्ञा दिएका छन्।

डिलरका अनुसार युद्धको त्रासले गर्दा सर्वसाधारण र ठुला उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास सञ्चित गर्न थालेपछि अभाव देखिएको हो। बर्दीबासस्थित एलपी ग्यास सङ्घका अध्यक्ष सरोज श्रेष्ठले भन्नुभयो, "एकातिर आपूर्तिमा आएको कमीले अभाव सिर्जना गरेको छ। अर्कोतिर उपभोक्ताले घरमा ग्यास थुपार्न थालेकाले यो समस्या थप बढेको छ।" उहाँका अनुसार ग्यास आपूर्ति गर्ने कम्पनीका छ वटा डिलर रहेको बर्दीबास महोत्तरीकै सबैभन्दा बढी ग्यास खपत हुने बजार हो। बर्दीबासस्थित राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष दीपेन्द्र पराजुलीले ग्यास आपूर्ति सहज बनाउन सम्बन्धित निकायसँग माग गर्नुभएको छ। ग्यास अभाव लम्बिँदै गए होटेल तथा पर्यटन व्यवसाय मात्र होइन, सर्वसाधारणको दैनिक जीवन पनि प्रभावित हुने देखिएकाले सम्बद्ध निकाय गम्भीर हुनैपर्ने उहाँले बताउनुभयो। "निगमले बजारमा सीमित ग्यास वितरण गर्दै उपभोक्तालाई आधा सिलिन्डर मात्र उपलब्ध गराउने नीतिमाथि पुनर्विचार गरी आपूर्ति सहज बनाउनु पर्छ," उहाँले भन्नुभयो।

इन्धन आपूर्तिमा आएको अनिश्चिततासँगै खाना पकाउने ग्यास (एलपिजी) को अभाव बढ्दै गएपछि प्रशासन कार्यालयले बर्दीबासलगायत जिल्लाभरका प्रमुख बजारमा अनुगमन सुरु गरेको छ।

# १०९ किलो गाँजा प्रहरीको नियन्त्रणमा

● टक नेपाल

महोत्तरीको रामगोपालपुर नगरपालिका-८ बाट नेपाल प्रहरीले १०९ किलोग्राम गाँजासहित एक भारतीय नम्बर प्लेटको कारलाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एवं प्रहरी उपरीक्षक हेरम्ब शर्माका अनुसार सहसौला चोक नजिकबाटै २० वटा पोकामा लुकाएर भारततिर लैजाँदै गरेको अवस्थामा डिएल १ सीओ ५८६९ नम्बरको भारतीय कार नियन्त्रणमा लिइएको हो।

गएराति करिब ११ बजे पूर्वपश्चिम लोकमार्ग हुँदै भारततर्फ गाँजा लैजाँदै गरेको गोप्य सूचनाको आधारमा लागु औषध ब्युरो र ईलाका प्रहरी कार्यालय रामगोपालपुरबाट खटिएको प्रहरी टोलीले गाँजासहित कार नियन्त्रणमा लिएको थियो।

कार चालक फरार रहेको प्रहरीको भनाइ छ। प्रहरीले बरामद गाँजा र कारलाई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरी उपरीक्षक शर्माले बताए।


## जनहितमा जारी

❖ बिना अनुमति बोङि नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोङि गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोङिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



बर्दिवास नगरपालिका,महोत्तरी



## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

मनराशिसवा नगरपालिका , महोत्तरी,


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिवास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014